# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, साउन ८ गते २०४६ साल (अतिरिक्ताङ्क २१

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना १

विशेष अदालत ऐन, २०३१ को दफा ३ (१) र ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले धौलागिरि अञ्चल अदालतका अञ्चल न्यायाधीश श्री रामकृष्ण विष्टलाई वाग्मती विशेष अदालतको अध्यक्ष पदमा तोकेको छ ।

खण्ड ३४, मिति २०४१।८।७ अतिरिक्ताङ्क ४३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

### सूचना २

राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले वाग्मती विशेष अदालतका सदस्य श्री ध्रुवनाथ उपाध्यायलाई वाग्मती विशेष अदालतको सदस्यको साथै राजश्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य एवं अध्यक्षको काम समेत गर्ने गरी तोकेको छ ।

खण्ड ३३, मिति २०४०।११।२२ संख्या ४६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

829

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।